नेपाल सरकार
शिक्षा मन्त्रालय
# विद्यालय शिक्षक किताबखाना
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७
फ्याक्स ४२८४९००

प.सं.२०७३।०७४
च.नं. ५५०९

मिति:२०७४।०३।२८

**विषय:- शिक्षकले सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।**

जिल्ला शिक्षा कार्यालय
सवै ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१(क) अनुसार सार्वजनिक पद धारण गरेको शिक्षकले त्यस्तो पद धारण गरेको मितिले र हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण पेश गर्नु पर्ने कानुनी प्रावधान भएकोले आ.व. ०७३/०७४ को सम्पत्ति विवरण दाखिला गर्नु/गराउनु हुन ताहाँको जानकारीको लागि अनुरोध गरिन्छ ।

१. नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचना अनुसारको ढाँचा बमोजिम सम्पत्ति विवरण फाराम यस कार्यालयको **website:www.stro.gov.np** मा उपलब्ध छ ।

**"आ.व.०७३/०७४ को सम्पत्ति विवरण"** (खामको माथि लेख्ने)

| | |
|---|---|
| शिक्षकको नामथर | संकेत (सिटरोल) नं. : |
| तह : | जिल्ला : |
| श्रेणी : | मोवाइल नं.: |
| कार्यरत विद्यालय : | इमेल ठेगाना : |

२. अस्थायी, राहत, करार उ.मा.वि.मा अनुदान प्राप्त शिक्षक वा.वि.के.सहयोगी कार्यकर्ता आदिको सम्पत्ति विवरण जिल्ला शिक्षा कार्यालयमा नै व्यवस्थापन गर्ने भन्ने शिक्षा मन्त्रालयको मिति २०७२।०२।१७ मा सचिवस्तरीय निर्णय भएकोले सोही अनुसार गर्ने/गराउने ।

३. पूर्ण विवरण भरी सिलबन्दी गरेको सम्पत्ति विवरण रहेको खाम तोकिएको समयभित्र विद्यालय शिक्षक किताबखानामा प्राप्त भए पछि तुरुन्त कम्प्युटरमा प्रविष्टि गरी अभिलेख राखिनेछ । सम्पत्ति विवरण भर्दा यस किताबखानाबाट इन्ट्री भएको शिक्षकको वैयक्तिक तथा नोकरी विवरणबाट रुजु गरी यकिन भएको संकेत नम्वरलाई मात्र प्रयोग गर्नु पर्ने छ । जिल्ला शिक्षा कार्यालयले जम्मा गरी वा सम्बन्धित शिक्षकले हुलाक तथा कुरिएर मार्फत पठाइएको सम्पत्ति विवरण तोकिएको अवधि २०७४ भाद्र २८ गते भित्र अनिवार्य रुपमा यस कार्यालयमा आई पुग्नु पर्नेछ । सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा परे सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनको लागि यस किताबखाना खुल्ला रहनेछ । संकेत नं. नमिलेको, तोकिएको मिति भन्दा पछि प्राप्त भएको सम्पत्ति विवरण प्राप्त नभए सरह मानी दर्ता गरिने छैन ।

४. सम्पत्ति विवरण समयमा नबुझाएको कारण भएको जरीवाना वापतको रकम **राजश्व खाता नं.१४३१२** मा दाखिला गरी उक्त रकम आफू बहाल रहेको कार्यालयमा आम्दानी बाँधी दाखिला भएको भौचरको प्रमाणित प्रतिलिपी र सम्बन्धित कार्यालयको सिफारिश पत्र समेतको आधारमा शिक्षकले बुझाउन बाँकी सम्पत्ति विवरण विद्यालय शिक्षक किताबखानामा बुझाउनु पर्नेछ ।

५. अध्ययन, असाधारण, अन्य विदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकको सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व शिक्षकको हुनेछ ।

६. आ.व.०७३।०७४ भित्र (अर्थात् २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्त सम्म) सेवा निवृत्त भएका शिक्षकले समेत उपरोक्त बमोजिम सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

..........................
सुरेन्द्र आचार्य
उपनिर्देशक

**वोधार्थ:**
श्री शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौ ।
श्री शिक्षा विभाग, सानेठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय, सवै ।